# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

**काठमाडौं, श्रावण ५ गते २०२७ साल**

श्री ५ को सरकार

**रक्षा मन्त्रालयको**

**सूचना**

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले शाही सेनाको लागि बाग्मती अञ्चल ललितपुर जिल्ला ललितपुर नगर पञ्चायत वडा नं. ५ मा पर्ने ललितपुर टुंडिखेल नजिकको निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गावालीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐनबमोजिम क्षतिपूर्ति पाउने हुंदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व वडा नं. ५ (त) को कि. नं. ६ मिश्री गोते जैशीले कमाएको बाँकी जग्गा कि. नं. ४२, ४३, ३३ का लालचा महर्जनले कमाएको बाँकी जग्गा, पश्चिम ब्यारेकपछाडिको गोरेटो बाटो, उत्तर टुंडिखेल, दक्षिण वडा नं. ५ (झ) कि. नं. ६ काशीप्रसाद श्रेष्ठले कमाएको जग्गामध्येको बाँकी जग्गा, कि. नं. १० काजिलाल श्रेष्ठको बाँकी जग्गा, कि. नं. १३ बेखालाल श्रेष्ठको बाँकी जग्गा, कि. नं. १५ खड्गबहादुर खत्रीको बाँकी जग्गा, कि. नं. १६, २२, ४० सानानी कार्कीले कमाएको जग्गामध्ये बाँकी जग्गा, कि. नं. २४ मानकाजी खड्गेको आफ्नै जग्गामध्ये बाँकी जग्गा, कि. नं. २७ विष्णुकुमारी बिष्टले कमाएको मध्ये बाँकी जग्गा,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वडा नं. ५ (त) कि. नं. १२, १५ को विष्णुबहादुर भन्ने कुमालेले कमाएको जग्गामध्ये बाँकी जग्गा, कि. नं. १४ जयदेवी बिष्टले कमाएको बाँकी जग्गा, कि. नं. २० पदमकुमारी खत्रीले कमाएको बाँकी जग्गा, कि. नं. २५ कमला मैयाँको जग्गा, कि. नं. २६,२७,२८,२९,३० बेखालालले कमाएको जग्गा, यति चारकिल्लाभित्रको मालपोत रू. १२१।३९ (एकसय एक्काइस रूपैयाँ उनन्चालिस पैसा) लाग्ने जग्गा रोपनी ४६. २. १ (छयालिस रोपनी दुइआना एकपैसा) को कित्ता एक– १

आज्ञाले-

ढुण्डिराज शर्मा

श्री ५ को सरकारको सचिव ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

228